# ७ येशू ख्रीष्ट, हाम्रो बली

*यस अध्यायका मूल पदहरू:* यशैया २:२-१२, हिब्रू २:९, हिब्रू ९:२६-२८, हिब्रू ९:१२, प्रस्थान १२:५, हिब्रू ४:१५।

*स्मरण गर्नुपर्ने पद:* "हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ।" १ पत्रुस २:२४ । "येशू आफैले हाम्रा पापहरू शरीरमा बोकेर क्रुसमा झुन्दिनु भएको थियो। हाम्रो निम्ति पाप मुर्दा होस् भन्ने हेतुले येशूले त्यो महाकष्ट भोग्नुभएको थियो। धर्मपरायण जीवन जिउन हामीलाई सक्षम् बनाउन र जीवनका सबै पक्षहरूमा स्वस्थ राख्न उहाँ हाम्रो निम्ति घाइटे हुनुभएको थियो" (१ पत्रुस २:२४ रूपान्तरित)

दोस्रो महायुद्धमा त्यसको खलनायक हिटलरले लाखौं मानिसहरूलाई अनेक किसिमको यातना दिएर हत्या गरेको थियो। उसले अनेकौं कालकोठरी र शिविहरू स्थापना गरेर अनाहकमा मानिसहरूको ज्यान लिएको थियो। हिटलरको दुष्ट चालामा इसाईहरू परेतापनि यहूदीहरू अधिकांस परेका थिए। त्यही सन्दर्भमा पोलाण्डको प्रशिद्ध यातना शिविर आश्विट नामूद छ। त्यहाँ रोमन क्याथोलिकको भिक्षु माक्सिमलन कोल्बे भन्नेलाई पनि थुनेको थियो। उनको अपराध थियो दुई हजार भन्दा बेसी यहूदीहरूलाई पोलाण्डबाट भगाउन आफ्नो गुम्बमा आश्रय दिएको थियो। एक दिन कोल्बे रहेको एक जना कैदी गायब भयो (शायद भाग्यो होला)। त्यसको फलस्वरूप दस जना कैदीहरूलाई भोक भोकै राखेर सजायँ दिन जर्मनका विशेष पुलिसहरूले चुने। ती चुनिएकाहरूमध्ये विस्मात गरेर यसरी चिच्याए, "ओहो, विचरा मेरी श्रीमती, मेरा अनजान छोराछोरीहरूलाई म अब कहिलै पनि देख्न सक्दिन होला!" त्यसबेला त्यस मानिसप्रति अत्यन्त सहानुभूति देखाउँदै उसको ठाउँमा त्यस क्याथोलिक भिझु भोकै मर्न तयार भयो। कोल्बेले चाहेको थियो कि बरू ऊ भोकै मरोस् तर त्यो परिवार भएको मानिस नमरोस्। मानिसहरूलाई यातना दिएर मार्ने जर्मनका ती विशेष

पुलिसहरू जसलाई एसएस भनिन्छ कोल्बेको प्रस्ताव स्वीकार गरे। त्यसरी कोल्बे ती दस जना मानिसहरूसँग आफू पनि मर्न सम्मिलित भए ताकि त्यो परिवार भएको मानिस बाँचोस्।

कोल्बैको कथा हृदयविदारक छ। तर उसले गरेको त्याग हाम्रो बदलीमा मर्नुहुने येशूको केवल छायाँ वा सानो उदाहरणमात्र थियो। येशूले के गर्नुभयो भनेर उहाँको कामलाई चित्रण गर्न यस पृथ्वीमा भएको पवित्र मन्दिरमा हुने विधिले देखाएको थियो। पुरानो करारमा उल्लेख गरेको बलिप्रथामा दुई महत्त्वपूर्ण भाग छन्। ती बलिप्रथासँग नयाँ करारका लेखकहरूले येशूको बलिदान जोडेका छन्। उहाँ हाम्रो बलि हुनुहुन्छ (हिब्रू ९,१० अध्याय) र उहाँ हाम्रो मूल पूजारी हुनुहुन्छ (हिब्रू ५-१० अध्याय)।

येशूले हाम्रो निम्ति सदाको निम्ति पूर्ण बलि हुनुभएको बारेमा हामी यस अध्यायमा अध्ययन गर्नेछौं। हाम्रो निम्ति बलि हुन राजी हुनुभएको ख्रीष्टले गर्नुभएको बलिदानका विभिन्न पक्षहरू हामी निहाल्नेछौं।

## १. यशैया ५३ अध्यायमा येशू (यशैया ५३:२-१२)

**ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो भनेर यशैया ५२:१३-५३:१२ले यसरी बताउँछ, "हेर, मेरो दासले बुद्धिले काम गर्नेछ। ऊ उचालिनेछ, अल्गाइनेछ र ऊ अति उच्च पारिनेछ। जसरी उसदेखि धेरै जना व्याकुल थिए– उसको अनुहार चिन्नै नसकिने गरी र उसको चेहरा मानिसको भन्दा पनि कुरूप बनाइएको थियो–त्यसरी नै उसले धेरै जातिहरूमाथि छर्कनेछ। उसको कारण राजाहरू चूपचाप रहनेछन्। किनकि तिनीहरूलाई नभनेको कुरा तिनीहरूले देख्नेछन्, र तिनीहरूले नसुनेका कुरा तिनीहरूले बुझ्नेछन्। हाम्रो समाचार कसले विश्वास गरेको छ? र परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो? ऊ उहाँको (परमेश्वर) सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो। ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन। ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना**

मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं। निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ। ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन। अत्याचार र इन्साफद्वारा ऊ लगियो। उसका सन्तानका बारेमा कसले विचार गर्न सक्छ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो। उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो। तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैं बनाउनुभए तापनि, उसले आफ्ना छोराछोरीलाई देख्नेछ र आफ्नो दिन बढ़ाउनेछ र परमप्रभुको इच्छा उसकै हातमा उन्नत हुनेछ। उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ। आफ्नो ज्ञानद्वारा मेरो धर्मी दासले धेरैलाई धर्मी बनाउनेछ, र उसले तिनीहरूका अधर्म बोक्नेछ। यसैकारण महान्हरूसँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ। किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ अपराधीहरूको गन्तीमा गनियो। किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गऱ्यो।"

यस संसारको पापको निम्ति ख्रीष्ट मर्नुभएको वर्णन यशैया ५२:१३ देखि ५३:१२मा अत्यन्त उल्लेखनीय र प्रभावकारी रूपमा प्रस्तुत गरिएको पाउँछौं। हामीहरूको पापलाई सफा वा शुद्ध गर्न येशू मर्नुभएको थियो भनेर ती पदहरूले स्पष्ट रूपमा प्रमाणित गरेको छ। अरूले पाउनु पर्ने पापको दण्ड उहाँले भोग्नुभयो। तिनीहरूको बदलीमा

उहाँ मर्नभयो। हाम्रो निम्ति ख्रीष्टले गर्नुभएको त्यागबाट हामी यी धेरै पाठहरू सिक्नसक्छौं:

१. अरूको निम्ति येशूले कष्ट पाउनुभयो। तिनीहरूको बेदना र कष्टलाई आफैले बोक्नुभयो (यशैया ५३:४) र अरूका पापहरूलाई पनि आफ्नै थाप्लोमा लिनुभयो (पद ५,६,८,११,१२)।

२. जसको निम्ति उहाँ दुःख भोग्नुभयो तिनीहरूमाथि उहाँ ठूला आशिषहरू खन्याउनुहुन्छः शान्ति र आरोग्य (पद ५) र परमेश्वरको सामु निर्दोष सावित भएर उभिन पाउने अवसर (पद ११)।

३. येशू दुःख पाउनु र पेलानमा पर्नु परमेश्वरकै इच्छा थियो (पद १०)। हाम्रो ठाउँमा येशू मरिने योजना परमेश्वरको भएको कारणले हाम्रा पापहरू उहाँमा थुपारिदिनुभयो (पद ६)।

४. येशू धर्मी, पवित्र र निर्दोष हुनुहुन्छ (पद ११)। उहाँले कसैलाई पनि दुःख दिनुभएन न त छकाउनु नै भयो (पद ९)।

५. पापको शुद्धिकरणको निम्ति उहाँ पाप बलि हुनुभयो (पद १०)।

**यशैया ५३ अध्यायलाई लूका र पत्रुसले कसरी अर्थ लगाउँछन्?** हेर्नुहोस्: "म तिमीहरूलाई भन्दछु, 'उहाँ अपराधीहरूसँग गनिनुभयो' भनी लेखिएको कुरा ममा पूरा हुनैपर्छ। हो, मेरो बारेमा लेखिएको कुरा पूरा भई नै रहेछ।" (लूका २२:३७), **प्रेरित ८:२६-३५, "त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, "उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ।" अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए। उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका थिए। तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढ़िरहेको सुनेर उनले सोधे, "तपाईंले पढ़िरहनुभएको कुरा बुझ्नुहुन्छ?" तब तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" अनि तिनले फिलिपलाई रथमा चढ़ी तिनको साथमा बस्ने अनुरोध गरे। अब तिनले पढ़िरहेका धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेड़ा**

काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन। ३३ उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको पुस्ताको बयान कसले गर्ने?किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।' तब ती नपुंसकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा? 'तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए।" र १ पत्रुस २:२१-२५, "किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।"

यशैया ५३मा गरिएको भविष्यवाणी येशूले पूरा गर्नुभयो भनेर नयाँ करारका लेखकहरूले उल्लेख गरेकले ती भविष्यवाणीहरू येशूकै बारेमा गरिएको हो भनेर विनाशङ्कोच प्रमाणित गर्दछ। उहाँ आफूलाई अपराधीहरूसँग गनिनुभयो रे (लूका २२:३७)। हाम्रो जीवनले काँचुली फेरोस् र हामीहरूको पाप क्षमा गरियोस् भनेर हाम्रा सबै पापहरू येशू ख्रीष्ट आफैले बोक्नुभयो।

हाम्रो निम्ति ख्रीष्टले के गर्नुभयो भनेर यशैया ५३मा वर्णन गरको छ। त्यसलाई ध्यान दिएर सोच्नुहोस् । यदि तपाईं विश्वाससाथ उहाँमा आउनुभयो भने तपाईंलाई मुक्तिको प्रतिज्ञा उपलव्ध गराइएको छ भनेर आत्मसात् गर्दै त्यस मुक्तिलाई व्यक्तिगत रूपमा आफैले कसरी ग्रहण गर्ने?

## २. हाम्रो निम्ति ख्रीष्ट क्रुसमा मर्नुभएको थियो, के हाम्रो मुक्तिको निम्ति त्यत्ति भए पुग्छ (हिब्रू २:१७

प्रभु येशू ख्रीष्टले प्रत्येक व्यक्तिको निम्ति मृत्युको स्वाद लिनुभयो भनेर हिब्रू २:९ले बताउँदछ। त्यसको अर्थ के हो? हेर्नुहोस्, "तर हामी येशूलाई देख्तछौं। उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून्।" यही सन्दर्भमा अरू पदहरूले पनि यसरी बताउँदछन्, "यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो। किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।" हिब्रू २:१७-१८, "नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" हिब्रू ९:२६-२८ र "तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो।" हिब्रू १०:१२।

अधर्मी, पापी, दुष्ट र खराब मानिसहरूको निम्ति येशू मर्नुभयो। उहाँ पापरहित हुनुहुन्थ्यो (हिब्रू ४:१५)। त्यसकारण जब येशूले उहाँको जीवनलाई बलि चढाउनुभयो त्यो बलि उहाँको पापको निम्ति थिएन। तर उहाँले धेरैका पापहरू बोकिरहनुभएको थियो (हिब्रू ९:२८)। मानिसहरूका पापको मोल उहाँले क्रुसमा तिरीरहनुभएको थियो (हिब्रू २:१७)। उहाँको मृत्युले पापलाई सदाको निम्ति थान्को लगाइएको थियो (हिब्रू ९:२६)।

येशूलाई स्वर्गदूतभन्दा कम बनाइएको अर्थ उहाँले मृत्युको कष्ट भोग्नु परोस भन्ने उद्देश्यको लागि हो भनेर हिब्रू २:९ले भन्दछ। येशू

ख्रीष्टले आफ्नो असली स्वभावको प्रदर्शन गरि सम्मान र महिमा पाउन उहाँको मृत्युको आवश्यकता थियो। सरल भाषामा भन्ने हो भने मानव जगतलाई मुक्ति दिन उहाँको मृत्यु अपरिहार्य थियो। पापबाट मानिसलाई उद्धार गर्ने अरू कुनै उपाय थिएन।

येशू ख्रीष्टले मानव अवतार लिनको अर्थ परमेश्वरको पुत्र भएर मर्नको लागि हो भनेर माथिका पदहरूले खुलाएका छन्। मृत्युको महाकष्टमा मात्र येशू मानिसहरूको मुक्तिको स्रस्ता अर्थात् रचनाकार हुनसक्नुहुन्थ्यो (हिब्रू २:१०)।

येशूलाई कष्टमा पार्नु परमेश्वरले किन उचित ठान्नु भयो? परमेश्वरका जनहरू मृत्युको दासत्वबाट, सैतानको चक्रव्युहबाट, मृत्युको भयबाट राहत दिन र हाम्रो निम्ति करुणामय र विश्वासिलो वा बफादारी मूल पुजारी हुन उहाँको मृत्युको आवश्यक थियो भनेर हिब्रू २:१४-१८ले चिरफार गरेर हामीलाई बताउन खोज्छन्। संक्षेपमा भन्ने हो भने राजमुकुट पहिरिनुभन्दा पहिले क्रुस आउनु आवश्यकता थियो।

“हाम्रा सबै पापहरू ख्रीष्टमा थुपारिएर उहाँ हाम्रो विकल्प हुनुभएको थियो। उहाँले हाम्रा सबै पापका मोलहरू चुक्ता गर्नुभएको थियो। परमेश्वरको व्यवस्थालाई उलङ्घन गर्ने मानिस भनेर उहाँलाई दोषारोपण गरिएको थियो। त्यो दोष उहाँले सहस्र स्वीकार गर्नुभयो ताकि हामीहरू व्यवस्थाको श्रापबाट मुक्ति पाउन्। आदमको प्रत्येक भावी सन्तानको पापले उहाँको हृदयलाई च्यापिरहेको थियो। पापप्रति परमेश्वरको क्रोधले उहाँको पुत्रको आत्मामा गहिरो बेदनाले भरिएको थियो।"-एलेन जी ह्वाइट, द *डिजाएर अभ एजेज,* पृ ७५३बाट रूपान्तरित।

**तपाईंको पापको निम्ति सारा जगतको सृष्टिकर्ता येशू ख्रीष्ट मर्नुभयो। त्यसको अर्थ तपाईंको निम्ति के हो? त्यो तपाईंको निम्ति अचम्मको शुभ समाचार किन हुनुपर्दछ? तपाईंको जीवनलाई अर्थपूर्ण बनाउन त्यसले कस्तो आशा प्रदान गर्दछ? परमेश्वरको महिमाको निम्ति गर्ने काम वा जुनसुकै उपलव्धीमूलक काममा तपाईं तल्लिन हुनुभएतापनि त्यस अचम्मको सत्यलाई मूल प्राथमिकता दिन किन आवश्यक छ?**

## ३. ख्रीष्टको रगत (हिब्रू ९:१२)

पाप पखाल्न अर्थात् मानिसले मुक्ति पाउन रगतको आवश्यकता छ भनेर जतातते बाइबलमा उल्लेख गरिएको छ। सुरूमा आदम र हवाले पाप गरेदेखि पशु बलि दिँदा सधैं रगतको भूमिका हुन्थ्यो। इस्राएलीहरूले गर्ने बलिप्रथामा रगतलाई उपयोग गरेर विभिन्न विधि चलाउँथ्यो। रगतको विधि महत्त्वपूर्ण मानिन्थ्यो। रगत बिना हाम्रो पाप क्षमा हुँदैन भन्ने महत्त्वपूर्ण सत्यलाई बुझाउन त्यो विधि चलाइएको थियो। रगतबिना परमेश्वरको सामु हामी उपस्थित हुन पनि सक्दैनौं रे! परमेश्वरको करुणा पाउन र उहाँसँग सम्पर्क राख्ने साधन केवल रगत मात्रै थियो।

**ख्रीष्टको रगत र पुरानो करारमा गरिने वलिप्रथामा रगतको भूमिका उल्लेख गरिएका देहायका पदहरूले हामीलाई के सिकाउँछ? हिब्रू ९:१२, "बोका र बाछ्राहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैंको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो।", हिब्रू ९:१३,१४, "बोका र साढ़ेहरूको रगत र कोरलीको खरानी अशुद्ध मानिसहरूमाथि छर्कदा तिनीहरूको शरीर शुद्ध हुन्छ भने, ख्रीष्टको रगतले त झन् कति बढ़ी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक। किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो।", हिब्रू ९:१८,१९ "यसकारण पहिलो करार पनि रगतविना पक्का हुन सकेन। जब मोशाले व्यवस्थाको हरेक आज्ञा मानिसहरूलाई सुनाइसके, तब उनले बाछ्रा र बोकाहरूको रगत, पानी, रातो ऊन र हिसपका स्याउलासहित, व्यवस्थाको पुस्तकमाथि र सबै मानिसहरूमाथि छर्के।" हिब्रू ९:२२, " वास्तवमा, व्यवस्थाअनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन।", हिब्रू १०:१९,२० " यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं।", हिब्रू १२:२४ " नयाँ करारका मध्यस्थ येशूको सम्मुख तथा छर्किएको त्यस रगतको सामु आएका छौ, जसले हाबिलको रगतभन्दा**

**अझ उत्तम वचन बोल्दछ।", हिब्रू १३:१२,१३ "यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो। यसैकारण हामी पनि छाउनीबाहिर उहाँकहाँ जाऔं, र उहाँले सहनुभएको बेइज्जत हामी पनि सहौं।" र हिब्रू १३:२०,२१ "अब भेड़ाका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त करारको रगतद्वारा मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्वरले तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारून्, र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक। जे परमेश्वरलाई मनपर्दो छ येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरून्। उहाँको महिमा युगानयुग भइरहोस्। आमेन।"**

येशूको जीवनसँग उहाँको रगतलाई सम्बोधन गरेको छैन। तर त्यो रगत मानिसको बदलीमा भएको उहाँको मृत्यु हो। त्यसले उहाँको मृत्युको शक्तिको अर्थ के हो र हाम्रो निम्ति त्यो कत्तिको अर्थपूर्ण छ भनेर बुझाउँछ। हाम्रो निम्ति बगाउनुभएको येशूको रगतको धेरै उद्देष्यहरू छन्। ख्रीष्टको रगत हाम्रो अनन्त मुक्तिको निम्ति उहाँको त्याग र वलिदानको प्रतिक हो। ख्रीष्टको रगतले हाम्रो पापलाई धोएर हामीलाई चोखो बनाउँछ र हामीलाई क्षमा प्रदान गरिन्छ। ख्रीष्टको रगतले हामीलाई उचित र धर्मपरायण जीवन बिताउन शक्ति प्रदान गर्छ र उहाँको रगत नै हाम्रो पुनरुत्थानको कारण हो।

रगतको बारेमा प्रभावकारी भिन्नता हिब्रूको पुस्तकमा कोरिएको छः अरू कुनैको रगत भन्दा ख्रीष्टको रगत अति उत्तम छ। अरू कुनै वा कसैको रगतले हामीलाई पापबाट क्षमा दिन सक्दैन। येशू क्रुसमा टाँगिनुभएको भन्दा पहिले होस् वा पछि होस् उहाँको मृत्युमात्र एउटै कारण हो जसले पापलाई क्षमा गर्न सकिन्छ (हिब्रू ९:१५)। त्यसैकारण हाम्रो बदलीमा ख्रीष्ट मर्नुभयो भनेर स्पष्ट रूपमा प्रमाणित गर्ने साधन नै उहाँको रगत हो। त्यसको अर्थ हामीले भोग्नुपर्ने पापको मोल उहाँ आफैले तिर्नुभयो।

**हामीहरूको अथक प्रयास, त्याग तपस्या आदि कर्मबाट मुक्ति पाउँछौं भन्ने लोकप्रिय धारणाको वन्धनमा नपर्न ख्रीष्टको मृत्युको आत्मज्ञान पाउन कतिको आवश्यक छ?**

## ४. शिद्ध, निष्शलङ्क, कन्चन र दोषरहित बलि (प्रुस्थान १२:५)

**कुनै पनि पशु बलिको निम्ति परमेश्वरको मन्दिरमा ल्याउँछ भने त्यो कस्तो किसिमको हुनुपर्छ भनेर निर्देशन दिएको छ। देहायका केही पदहरूले त्यस बलिको स्वभाव वा लक्षणलाई टोकिदिएको छः प्रस्थात १२:५, "भेडा वा बोका जे लिए पनि हुन्छ, तर त्यो एक वर्ष पुगेको खोट नभएको पाठो हुनुपर्छ।", लेवी ३:१ "जब कसैले आफ्ना गाईगोरु मध्येबाट मेलबलि चढाउँछ, तब त्यो एउटा निष्खोट गोरु वा गाई हुनुपर्छ।" र लेवी ४:३ "यदि एउटा मुख्य पूजाहारीले त्यस प्रकारको पाप गरेर प्रजालाई दोषी तुल्यायो भने त्यसले एउटा निष्खोट साँढे ल्याएर आफ्नो पापको लागि परमप्रभुलाई बलि चढाओस्।"**

जब कसैले कुनै पशु बलिको निम्ति ल्याउँछ भने त्यसलाई बढो होशियारसाथ छानिनु पर्दछ। जुन पशुलाई भेट्टायो त्यसलाई बलिको निम्ति ल्याइन्दैनथ्यो। कस्तो खालको बलिको निम्ति त्यो पशु ल्याइएको हो त्यसै अनुसार त्यस पशुको विभिन्न लक्षणहरूतिर ध्यान दिनुपर्थ्यो।

तर जुनसुकै लक्षणका पशुहरू ल्याइएतापनि ती सबैको गुणस्तर एउटै हुनुपर्थ्यो। त्यो हो निष्खोट वा शिद्ध। कुनै दोष नभएको, कुनै दाग नभएको, शरीरमा केही पनि नबिग्रिएको, उत्कृष्ट पशु ल्याउन अपेक्षा गरिएको थियो भनेर हिब्रू भाषाले वाख्या गर्छ। पशुको बारेमा वाख्या गर्ने ती गुणहरूको हिब्रू शव्द टामिन (tamin) हो। त्यसको अर्थ कुनै पनि पशु ल्याइन्दा सकेसम्म त्यो सबभन्दा उत्कृष्ट स्तरको हुनुपर्दछ। हेर्दा राम्रो वा एकदम असल मात्र भएर नपुग्ने रे।

"निर्दोष वा दागरहित" भनेर बाइबलमा अर्को गुणको बारेमा महत्त्वपूर्ण उदाहरण दिएको छ। बलिको निम्ति ल्याउने पशु होस् वा मानिसको गुण होस् त्यो निर्दोष वा दारहित भनेको परमेश्वरसँगको सम्बन्धमा पनि लागु भएको पाइएको छ (उत्पत्ति ६:९, १७:१)।

**येशू ख्रीष्टको बारेमा देहायका पदहरूले कसरी वर्णन गर्दछन्? प्रभु येशू पापरहित हुनु किन आवश्यक थियो? हेर्नुहोस्, हिब्रू ४:१५ "हाम्रा प्रधान पूजाहारी हाम्रो कमजोरीलाई बुझिदिन नसक्ने पूजाहारी हुनुहुन्न। हाम्रा पूजाहारी पापले फसाउने सबै कुरामा हामीजस्तै जाँचिनुभयो, तर पाप गर्नुभएन।", हिब्रू ७:२६ "हामीलाई चाहिएको प्रधान**

पूजाहारी पनि यस्तै नै हो। उहाँ पवित्र, निर्दोष, शुद्ध हुनुहुन्छ र परमेश्वरले उहाँलाई पापी मानिसहरूबाट छुटाएर सबैभन्दा माथि स्वर्गमा बसाल्नुभयो।", हिब्रू ९:१४ "तर ख्रीष्टको रगतमा हामीलाई शुद्ध तुल्याउने अझ ठूलो शक्ति छ। सधैंभरि रहिरहनुहुने परमेश्वरका आत्माद्वारा उहाँले सिद्ध बलि भएर आफैंलाई परमेश्वरकहाँ चढाउनुभयो। त्यसो हो भने हामीले जीवित परमेश्वरको सेवा गर्न सकौं भनी व्यर्थैका विधिबाट हाम्रा विवेकलाई ख्रीष्टको रगतले झन् कति ज्यादा गरी शुद्ध पार्न सक्छ।" र १ पत्रुस १:१८,१९ "तिमीहरूले पिता-पुर्खाहरूबाट पाएका व्यर्थको चालचलनबाट तिमीहरूलाई छुट्कारा दिनुहुँदा कति ठूलो मोल तिर्नुपर्‍यो, तिमीहरूलाई थाहै छ। त्यो त सुन र चाँदीजस्तो नाश हुने कुरा होइन। ख्रीष्टको बहुमूल्य रगतले नै तिमीहरूलाई छुट्कारा दिएको हो। उहाँ निर्दोष र निष्खोट बलि हुने पाठो हुनुहुन्थ्यो।"

सारा संसारको पापलाई बोक्ने परमेश्वरको थुमा (यूहन्ना १:२९)ले पुरानो करारमा उल्लेख गरिएका बलिको निष्खोट गुणलाई पूर्ण रूपमा पूरा गर्नुभएको छ। येशूको शुद्ध र कन्चन जीवनले उहाँ शिद्ध बलि हुनुहुन्थ्यो भनेर देखाएको थियो। हामीहरूको मुक्तिको निम्ति त्यो ग्यारेन्टी वा जमानत हो। त्यो किनभने केवल पापरहितले मात्र हाम्रो पाप बोक्न सक्थ्यो। उहाँको शिद्ध पवित्रता वा धर्मपरायणताले मात्र हामीलाई अहिले र न्यायको दिनमा छोप्न सक्छ। हामीहरूको मुक्तिको निम्ति आशा त्यही पवित्रता वा धर्मपरायणता हो।

हिब्रू शव्दलाई प्रयोग गरेर येशूको चरित्रलाई वर्णन गरेको जस्तै ग्रीक भाषामा पनि दागरहित भन्ने शव्द "आमोमोस (amomos)" प्रयोग गरिएको छ। त्यसको अर्थपनि येशू र उहाँको बलिलाई निर्दोष, त्रुटिरहित र शिद्ध भनेर वाख्या गरिएको छ। येशूका अनुयायीहरूको जीवन पनि त्यही स्वभाव झल्काउने हुनुपर्छ भनेर अपेक्षा गरिएको छ।

"ख्रीष्टको चरित्रसँग तुलना गर्दा उहाँका भक्तहरूले परमेश्वरको पवित्र आज्ञाहरूलाई पालन गर्नबाट कहाँ चुक्यो भनेर थाहा पाउन सक्षम् हुन्छन्। अनि जसरी परमेश्वर उहाँको संसारमा उहाँ शिद्ध हुनुहुन्छ तिनीहरू पनि तिनीहरूको संसारमा सिद्ध हुन प्रयास गर्नेछन्।"-एलेन जी ह्वाइट, *द पावलसन लेटरस्,* पृ. ३७४बाट रूपान्तरित।

खीष्टको मृत्यु र उहाँको सेवाकार्यले गर्दा परमेश्वरको सामु हामी निर्दोष भएर खडा हुनसक्छौं (यहूदा २४)। हाम्रो स्थानमा निर्दोष व्यक्ति उभिनु भएको कारणले गर्दा नै त्यो सम्भव हुनगएको छ।

**निर्दोष, पवित्र, शिद्ध जस्ता धारणाहरू प्रयोग गर्दा किन कतिपय मानिसहरू असजिलो ठान्दछन्? हाम्रो बदलीमा पवित्र येशू उभिनुभएको आत्मज्ञानले तपाईंलाई पनि किन पवित्र वा निर्दोष हुन अवसर पाउनुभएको महशूस गर्न सक्नुहुन्छ? यस्तो नयाँ आत्मज्ञानलाई तपाईंको जीवनले अङ्गाल्दा तपाईंको जीवनलाई कसरी प्रभाव पार्न सक्दछ?**

## ५. ठूलो खतरा (हिब्रू ६:४-६)

बाइबलले बुझेको अनुसार खीष्टको बलिको बारेमा पावलले हिब्रूको पुस्तकमा स्पष्ट रूपमा चर्चा गरेका छन्। त्यही सन्दर्भमा बाइबलका केही उपयोगी कुराहरूलाई पनि उनले ध्यान दिएका छन्। अनि कुनै मानिसले खीष्टको बलिलाई वेवास्ता गर्दा के हुन्छ भनेर पनि उनले धेरै ठाउँहरूमा उल्लेख गरेका छन्।

**देहायका पदहरूमा पावलले हामीलाई के सतर्क गराइरहेकाछन्? पावलले आफ्नो मनस्थितिलाई कसरी वयान गरेका छन्? हेर्नुहोस्, हिब्रू ६:४-६ "एक पल्ट परमेश्वरको उज्यालो पाएका, स्वर्गको वरदान पनि चाखेका, पवित्र आत्माको भाग पनि पाएका, परमेश्वरको शिक्षाको मीठो स्वाद पाएका, आउने युगका लागि गरिने परमेश्वरका शक्तिशाली कामहरू देखेका मानिस भएर पनि परमेश्वरलाई फेरि छोडेर जानेहरूलाई पश्चात्ताप गराएर परमेश्वरकहाँ फर्काउन सकिंदैन! किनभने यस्ताहरूले त परमेश्वरको छोरालाई फेरि दोस्रोपल्ट क्रूसमा झुण्ड्याउँछन् र सबैका अगाडि उहाँको बेइज्जत गर्दछन्।" र हिब्रू १०:२६-३१ "सत्य कुरा के हो भनी पूरै बुझेर पनि हामी जानी-जानी पाप गरि नै रहन्छौं भने त हामीले गरेको पाप मेट्ने कुनै बलिदानै छैन। यसको सट्टा यस्तो पाप गर्नेले डराउँदै परमेश्वरको सजाय पर्खिरहनुपर्छ। त्यस सजायको आगोले परमेश्वरका विरोधीहरूलाई भस्म पार्नेछ। मोशाको व्यवस्था कसैले नमान्दा दुई-तीन जना साक्षी भए भने त्यो मानिस बिनादया नै मर्नुपर्छ। त्यसो भए झन् परमेश्वरकै पुत्रलाई नमान्ने, पापबाट पवित्र पार्ने र परमेश्वरको करार पक्का गर्ने खीष्टको रगतलाई सस्तो कुरा ठान्ने र**

अनुग्रह दिने पवित्र आत्मालाई नै अपमान गर्ने मानिसलाई कति ठूलो सजाय होला? किनभने बदला लिने काम मेरो हो, म साटो फेर्छु भन्नुहुनेलाई हामी चिन्छौं। यसो पनि भनिएको छ, "प्रभुले नै आफ्ना मानिसको न्याय गर्नुहुनेछ।" जिउँदो परमेश्वरको हातमा पर्नु कति डरलाग्दो कुरो हो।"

परमेश्वरले हामीलाई प्रदान गर्नु भएको मुक्ति कस्तो अचम्मको छ र हाम्रो सामु उहाँले आफैलाई कसरी देखाउनुभयो भनेर पावलले हिब्रूको किताबमा देखाएका छन्। विश्वासी भक्तहरूको निम्ति परमेश्वरले के काम गर्नुभयो र गरिरहनुभएको छ भनेर पावलले हामीलाई बुझाउन खोजिरहेका छन्। तर एउटा मूल समस्यालाई पावलले सम्बोधन गरेको हामी पाउँछौं। ख्रीष्टको बलिलाई खेलाँचीको रूपमा लिनु वा  हल्का रूपमा लिनु खतरापूर्ण छ। "उद्देष्य वा लक्ष्यबाट तैरिएर जानु" भनेर पावलले त्यस्तो खतरालाई वर्णन गरेका छन् (हिब्रू २:१)। उनको भनाई अनुसार ख्रीष्टको बलिलाई वेवास्ता गर्ने मानिस समुद्रमा हराएको डुङ्गा जस्तै हो। त्यस्तो डुङ्गा गन्तव्य स्थानमा आउँदैन। तर त्यस्तो डुङ्गा नभएर गन्तव्य स्थानमा गइरहने हाम्रो लक्ष्य हुनुपर्दछ।

तर कतिपयले परमेश्वरलाई स्वीकार नगर्न निर्णय गरेका छन्। त्यसको अर्थ यो हो कि येशूलाई विश्वास गरेपछि पनि तिनीहरूको जीवन उहाँलाई विश्वास नगरेको बेला जस्तै भएको देखाइरहेको हुन्छ। येशूको बलिले तिनीहरूको पापलाई असर नभएको ती मानिसहरूको जीवनले देखाउँछन् (हिब्रू १०:२६-३१)। धेरै विश्वासीहरूले येशूको बलिदानलाई अश्वीकार नगरेको देखाउला र देखावती रूपमा त्यस्तो सोच्न पनि नचाहेको हुनसक्छ। तै पनि पावलले चेतावनीको घन्टी बजाउँछन्। उहाँको त्याग र बलिको बारेमा वेवास्ता गर्ने र त्यसप्रति आत्मज्ञानमा ध्यान पुऱ्याउन असफल हुने मनस्थिति प्रायजसो बिस्तारै बिस्तारै हुन्छ। इसाई भनेर दावी गर्नेहरूको दिमाग येशूप्रतिको भावनामा परिवर्तन भइरहेको तुरुन्तै थाहा नहोला। ख्रीष्टको कामप्रति हुनुपर्ने प्रसस्ता सराहना विस्तारै विस्तारै घट्दै जान्छ। यसावले आफ्नो जन्मसिद्ध अधिकारलाई सराहना नगरेको जस्तै (हिब्रू १२:१५-१७) विश्वासको लुगा लगाउनेहरूले पनि येशूको रगतद्वारा पाउनुपर्ने जन्मसिद्ध मुक्तिको

अधिकारलाई सराहना गर्न असफल हुँदै गएको पाउन सक्छ। ख्रीष्टको बलि मामुलीको भनेर हामीले कहिलै पनि सिकाउनु हुन्न। यदि उहाँको बलिदानलाई साधारण वा कुनै पनि असल मानिसले गर्ने काम हो भनेर लियौं भने त्यसको गरिमामय  कमसल हुँदै जान्छ।

आफ्ना पाठकहरू त्रसित भएको पावल चाहेका थिएनन्। तर उनको चाहना थियो, परमेश्वरबाट तर्किन्दा त्यसको नतिजा के हुनेछ भन्ने कुरा सबैले जानकारी पाउनु पर्छ। मुक्तिको सबै असल कुराहरूलाई पकडि राख भन्ने पावलको आह्वान सकारात्मक र उत्साहप्रद छ (हिब्रू ३:६,१४, १०:२३)। येशूभक्तहरूको आँखा येशूमा लगारहनुपर्छ भनेर व्यक्त गरेको पावलको चाहनालाई पन्छाउनु मनासिव छैन (हिब्रू १२:२)।

तपाईं आफ्नै बारेमा के भन्नु हुन्छ? के क्रूसको अचम्मको सत्यलाई मामुलीको रूपमा लिने मनस्थितिमा  तपाईं पुगिरहनुभएको छ? त्यस्तो नितिमा पुग्नु किन खतरामूलक हुनसक्छ? ख्रीष्टक गरिमामय  बलिदानलाई कमसल वा न्युनतममा नझार्नु भनेर पावलले दिएको सल्लाहलाई आत्मसात् गर्न तपाईंले के गर्नुपर्छ? ख्रीष्टको बलिदानलाई मामुली ठान्नबाट सुरक्षित हुन तपाईंले कस्तो कदम चालीरहनुपर्छ?

**उपसंहारः**

थप जानकारीः **शुद्धिकरणको बारेमा अझ विस्तृत विवरण एसडिए बाइबल कमेन्टेरीको ठेली ७एको परिशिष्ट सीमा उल्लेखित लेख, "द आटोनिङ्ग, भाग १-आटोनिङ्ग साक्रिफाइस" पृ. ४५७-४७६ पढ्नुहोस्।**

मानिसको पापको बदलामा ख्रीष्टको धर्मपरायणता वा पवित्रता अत्यन्त अचम्म र हर्षपूर्ण छ भनेर मार्टिन लुथरले बारम्बार भन्दथे। त्यही प्रकारले एलेन जी ह्वाइटले पनि एकदम असली प्रकारले येशूको धार्मिक चरित्रको बारेमा यसरी वर्णन गर्छिन्ः "हाम्रो पापको निम्ति हामीले पाउनु पर्ने उपयुक्त व्यवहार ख्रीष्टले भोग्नुभयो ताकि उहाँले पाउनुपर्ने उपयुक्त सम्मान हामीले पाउन्। हामीले क्षमा पाउन् र हामी धर्मी, निर्दोष होउन् भनेर हाम्रा पापहरूको निम्ति येशूले सजायँ भोग्नुभयो। हामीले भोग्नुपर्ने मृत्युको कष्ट उहाँले भोग्नुभयो ताकि

उहाँको जीवन हामीले पाउन्। 'उहाँको चोटले हामी निको भयौं।'"-द डिजायर अभ एजेज, पृ. २५बाट रूपान्तरित।

"ख्रीष्टको मृत्युले मात्र हामीले पाउने उहाँको प्रेमको सम्पूर्णता हामी पाउन सक्छौं। उहाँको दोस्रो आगमनलाई अत्यन्त हर्ष र उत्सुकताले हेरिरहन सक्ने अवसर केवल उहाँको मृत्युले मात्र हो। हाम्रो आशाको केन्द्रविन्दु उहाँको बलिदान हो। हामीहरूको सम्पूर्ण आस्था त्यसैमाथि राख्नु नितान्त आवश्यक छ।" एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ६६०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. कतिले त येशू हाम्रो निम्ति बलिदान हुनुभयो भन्ने विश्वासलाई रूचाउँदैन। त्यसले गैर-इसाई धर्ममा रक्तालु देवीदेवताजस्तो हाम्रो परमेश्वर पनि त्यस्तै हुनुहुन्छ भन्ने आभास पाएको देखाउँछ। तर क्रुसको परिप्रेक्ष्यमा त्यो धारणा किन गलत हुनसक्छ? पाप कतिको गम्भिर रहेछ र त्यसको नतिजा पनि कतिको गम्भिर रहेछ भन्ने कुरालाई येशूको मृत्यु, बलिदान र रगत बगेकोबाट कसरी बुझाउँछ? येशूले हाम्रो पापको मूल्य त्यसरी चुकाउनुभएको आत्मज्ञानबाट पापलाई परमेश्वरको शक्तिले माथ गर्न सक्छ र पापलाई हाम्रो जीवनबाट पन्छाउनु पर्छ भन्ने ज्ञानवोधमा परिपक्व कसरी हुने?

आ. मुक्ति पाउन हामीले केही गर्नुपर्छ, हामीहरूले धर्मकर्म गर्नुपर्छ भन्ने धारणाप्रति कतिपय मानिसहरू संघर्ष गरिरहेको हामी पाउँछौं। हामीहरूले धर्मकर्म, उदारवादी, परोपकारिय काम, विधिसंस्कार पालन आदि गरेर मुक्ति पाउँछौं भन्ने धरापबाट उम्किन हाम्रो सट्टामा ख्रीष्ट मर्नुभएर उहाँ नै हाम्रो असली धर्म हो भन्ने शास्वत वा दिगो ज्ञान कसरी सम्झिरहने? साँच्चै भनौं भने ख्रीष्ट येशूले हाम्रो ठाउँ ओगटेर सम्पूर्ण कार्य पक्का

पक्की रूपमा सुसम्पन्न गर्नुभएको परिप्रेक्ष्यमा हामीहरूको के काम थप्न सकिन्छ र?

इ. ख्रीष्टको जीवन विशेष गरेर उहाँको अन्तिम दिनहरूको बारेमा चिन्तन गर्दै हरेकदिन एक घन्टा साधना गर्नु असल हुन्छ भनेर एलेन जी ह्वाइटले एक फेरा भनेकी थिइन्। यदि हामी त्यसमा ध्यान दिनसक्यौं भने ख्रीष्टप्रति हामीहरूको सम्बन्ध अझ झन कसरी गाढा हुँदै जाने होला? फेरि उहाँले हाम्रो निम्ति के गर्नु भयो भनेर राम्रोसँग सराहना गर्ने चलनलाई उपरोक्त सुझावले कसरी सहायता गर्न सक्छ?